सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक २८ ♦ २०८३ साल कार्तिक २० शुक्रवार ♦ 6 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

मधेश सरकारलाई निरन्तरता दिने गरी तीन दलबीच सहमति: कांग्रेस नेतृत्वकै सरकारलाई समर्थन गर्न एमाले र नेकपा तयार

खबर दर्पण समाचारदाता

कार्तिक १९ गते, बर्दिवास

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि संकटमा परेको मधेश प्रदेश सरकारलाई निरन्तरता दिने गरी तीन प्रमुख दलबीच राजनीतिक समझदारी बनेको छ। केन्द्रमा विकसित नयाँ राजनीतिक सहमति र शीर्ष नेताहरूबीचको संवादपछि प्रदेशको सत्ता समीकरणमा फेर बदल आएको हो। यससँगै केही समयदेखि अन्योलमा रहेको मधेश प्रदेश सरकारको भविष्यसमेत सुनिश्चित हुने संकेत देखिएको छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को सक्रियता, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको भेटवार्ता तथा तीन दलबीच विकसित समझदारीले वर्तमान सरकारलाई निरन्तरता दिने वातावरण बनेको हो।

एमालेले गत असोज ३० गते मधेश प्रदेश सरकारबाट बाहिरिँदै मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। तीनदलीय सत्ता गठबन्धनबीच यसअघि भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै एमालेले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो।

एमालेको निर्णयसँगै मधेश प्रदेशमा नयाँ सरकार गठन हुने वा वर्तमान सरकारकै निरन्तरता हुने भन्ने विषयमा राजनीतिक वृत्तमा विभिन्न अड्कलबाजी सुरु भएको थियो। सत्ता समीकरण परिवर्तनका लागि दलहरूबीच विभिन्न तहमा छलफल र राजनीतिक गतिविधिसमेत तीव्र बनेका थिए।

सरकारको भविष्य अन्योलमा र हेका बेला नेकपाका संयोजक प्रचण्डले मधेश प्रदेशको राजनीतिक अवस्थालाई प्राथमिकतामा राख्दै सक्रियता बढाएका थिए। उनको सक्रियतासँगै प्रदेशमा नयाँ राजनीतिक सहकार्यको सम्भावना बलियो बनेको थियो। यसैबीच कांग्रेस सभापति थापा र एमाले अध्यक्ष ओलीबीच भएको भेटवार्ताले मधेश प्रदेशको राजनीतिक निकासका लागि थप आधार तयार गरेको देखिएको छ।

केन्द्रमा विकसित राजनीतिक समझदारीको प्रभाव प्रदेशको सत्ता समीकरणमा समेत परेको छ। फलस्वरूप कांग्रेस, एमाले र नेकपाबीच पुनः सहकार्यको वातावरण बनेको हो।

बाँकी पृष्ठ ३ मा

जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनको तयारी तीव्र : १७ बोगीसहितको भारतीय रेल कुर्थासम्म आइपुग्यो, प्राविधिक तथा सुरक्षा परीक्षण सुरु

खबर दर्पण समाचारदाता

कार्तिक १९ गते, बर्दिवास



नेपालका जनकपुरधाम र भारतको अयोध्याधामलाई रेल सेवामार्फत जोड्ने तयारी तीव्र पारिएको छ । प्रस्तावित जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालन गर्नुअघि सुरक्षा तथा प्राविधिक अवस्थाको निरीक्षणका लागि भारतीय रेल्वेका अधिकारीहरू बिहीबार १७ बोगीसहितको रेल लिएर धनुषाको कुर्था रेल्वे स्टेसन आइपुगेका छन् ।

भारतीय रेल्वेका पदाधिकारी सहित डब्ल्यूडीपी-४ डी ४०३७० नम्बरको रेल भारतको अयोध्याबाट जनकपुरधाम ल्याइएको हो । प्रस्तावित रेल सेवा सञ्चालनको पूर्वतयारी स्वरूप रेल ल्याएर प्रारम्भिक परीक्षण तथा निरीक्षण गरिएको नेपाल रेल्वेले जनाएको छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालन गर्ने योजनाअनुसार पहिलो चरणमा १७ बोगीसहितको रेल ल्याइएको हो। सेवा सञ्चालनको मिति र अन्य व्यवस्थापकीय विषयमा नेपाल तथा भारतबीच औपचारिक सम्झौता हुन भने बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

रेल सेवा सञ्चालनका लागि आवश्यक सुरक्षा व्यवस्था, रेलमार्गको अवस्था, प्राविधिक क्षमता तथा अन्य व्यवस्थापकीय पक्षको स्थलगत निरीक्षण भइरहेको महाप्रबन्धक पराजुलीले बताउनुभयो। भारतीय रेल्वेका अधिकारीहरूले नेपाल रेल्वेका अधिकारीहरूसँग रेल सञ्चालन, सुरक्षा र प्राविधिक तयारीका विषयमा छलफल गर्ने कार्यक्रमसमेत रहेको छ ।

उहाँका अनुसार प्रस्तावित सेवा सञ्चालन गर्न सकिने अवस्था, रेलमार्गको क्षमता र सुरक्षालगायतका विषयलाई प्राथमिकतामा राखेर निरीक्षण भइरहेको छ । अहिले रेल सेवा परीक्षण तथा तयारीकै चरणमा रहेकाले सञ्चालनका लागि आवश्यक केही प्राविधिक र प्रशासनिक काम बाँकी छन् । ती काम आन्तरिक रूपमा अघि बढाइएको उहाँले बताउनुभयो ।

नेपालको जनकपुरधामदेखि भारतको अयोध्याधामसम्म प्रस्तावित रेलमार्गको दूरी करिब ४६४ किलोमिटर रहेको छ। जनकपुरधाम र अयोध्या धार्मिक

बाँकी पृष्ठ ३ मा

नयाँ सख्खरको माग बढेपछि किसानलाई ....

महत्वपूर्ण स्रोत बन्ने गरेको छ ।

बर्दिबास नगरपालिका-१२ का किसान विश्वनाथ सिंहका अनुसार कात्तिकमा किसानलाई नगद अभाव हुने भएकाले उखु पेलेर सख्खर बनाउने चलन बढेको हो । "कात्तिक किसानका लागि खर्चको अभाव हुने महिना हो । यसै बेला दीपावली र छठजस्ता ठूला पर्व पर्छन्," उहाँ भन्नुहुन्छ, "उखु र गहुँ खेतीका लागि खेत खनजोत, बीउ, मलखादलगायतको व्यवस्था गर्नुपर्ने हुन्छ । त्यसका लागि आवश्यक खर्च जुटाउन पनि अहिले उखु पेल्न थालेका हौं ।"

बर्दिबास नगरपालिका-६ फूलबारीटोलका किसान रामचन्द्र महतोका अनुसार दीपावलीअघि सुरु भएको सख्खर उत्पादनको काम छठ पर्वसम्म जारी रहनेछ । चाडपर्वका बेला नयाँ सख्खरको माग बढी हुने र बजारमा राम्रो मूल्य पाइने भएकाले किसानले यस समयलाई उत्पादन र बिक्रीका लागि उपयुक्त अवसरका रूपमा लिने गरेका छन् ।

दीपावलीमा बनाइने सेलरोटी र छठ पर्वमा चढाइने ठकुवालगायतका परिकारमा चिनीभन्दा सख्खर प्रयोग गर्न उपयुक्त हुने उपभोक्ताको बुझाइ छ । पछिल्लो समय गुलियोका लागि चिनीको सट्टा सख्खर प्रयोग गर्ने उपभोक्ताको सङ्ख्या पनि बढ्दै गएको किसान बताउँछन् । यसले सख्खरको बजार माग बढाउन सहयोग पुगेको उनीहरूको भनाइ छ ।

उखु खेतीको उत्पादन चक्रअनुसार एक पटक रोपिएको उखुबाट दुई वर्षसम्म बाली लिने गरिन्छ । पहिलो वर्षको उखुलाई 'मुडन' र दोस्रो वर्षको उखुलाई 'खुट्टी' भन्ने गरिन्छ । अहिले किसानले मुख्यतः दोस्रो वर्षको उखु अर्थात् खुट्टी पेलिरहेका छन् ।

उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाका अनुसार मुडन उखुमा पुस नलागेसम्म पर्याप्त रस नपस्ने भए पनि खुट्टी उखु कात्तिकमै पेल्न योग्य हुने भएकाले किसानले अहिले खुट्टीबाट सख्खर उत्पादन गरिरहेका छन् ।

यसैबीच, किसानका लागि उखुको मूल्य निर्धारणको विषय भने अझै अन्योलमै छ । मधेसका केही जिल्लामा चिनी उद्योगले उखु क्रसिङ सुरु गरिसके पनि महोत्तरीका उद्योगमा भने क्रसिङ सुरु हुन बाँकी छ । हरेक वर्षजसो उखुको मूल्य निर्धारणमा ढिलाइ हुँदा किसान समस्यामा पर्ने गरेको अध्यक्ष कुशवाहा बताउनुहुन्छ ।

उहाँका अनुसार कात्तिक मसान्तभित्रै सरकारले चिनी उद्योग र उखु उत्पादक किसानबीच सहमति कायम गरी उखुको मूल्य निर्धारण गर्नुपर्ने भए पनि यस विषयमा आवश्यक निर्णय हुन सकेको छैन । समयमै मूल्य निर्धारण नहुँदा उखु खेतीको लागत, उत्पादन र बिक्रीको योजना बनाउन किसानलाई कठिनाइ हुने गरेको उहाँको भनाइ छ । समाचारको मुख्य पक्षः चाडपर्वका लागि सख्खर उत्पादन गरेर तत्काल नगद जुटाउन किसान सक्रिय भए पनि उद्योगमा उखु क्रसिङ र सरकारी मूल्य निर्धारणको अन्योलले उनीहरूको दीर्घकालीन आम्दानी प्रभावित हुने अवस्था छ ।

हेल्पीङ् ह्यान्डद्वारा खाद्यान्न देखि खानेपानीमा व्यापक सहयोग



खबर दर्पण समाचारदाता

कार्तिक १९ गते, बर्दिवास

हेल्पीङ हेन्ड फोर रिलिफ एण्ड डेभलपमेन्ट (एचएचआरडी) ले महोत्तरीमा मानवीय सहयोगमा सक्रियता देखाएको छ ।

कार्तिक १९ गते महोत्तरीको पिपरा गाउँपालिका वडा नं.२, अलिपट्टी गाउँमा दुई वटा मदर्शामा खानेपानी मेसिन जडान गरी हस्तानान्तरण गरेको छ। मर्कज दावते इस्लामिया फइजाने मदिना मदर्शामा 'बायो सेन्ड फिल्ट्रेशन प्लान्टु जडान गरी हस्तानान्तरण गरेको छ । मदर्शाका अध्यक्ष मौलाना सहादतका अनुसार करिब २५० जना विद्यार्थी रहेको यस मदर्शामा स्वक्ष खानेपानीको अभाव रहँदै आएको थियो । सोही अभावलाई मध्यनजर गर्दै हेल्पीङ हेण्ड/हेल्पीङ हार्ट नेपालका जिल्ला शम्सुद्दीन राईनलाई मदर्शाले खानेपानी व्यवस्थापन गराई दिनको लागि प्रस्ताव गरेको थियो । त्यस्तै अलिपट्टीमा रहेको उलुम कदरिया मिसबाहुल मुसलमिनमा पनि एचएचआरडीले 'बायो सेन्ड फिल्ट्रेशन प्लान्टु सहयोग गरेको छ। मदर्शामा खानेपानीको आवश्यकतालाई हेर्दै त्यहाँका प्रिन्सपल मोहम्मद अब्बास साफीले एचएचआरडीसँग सहयोग मागेको थियो ।

अमेरिकी अंतराष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ), एचएचआरडी का महोत्तरी जिल्ला संयोजक शम्सुदिन राइनका अनुसार मदर्शामा जडान गरिएको खाने पानी प्लान्टबाट विद्यार्थी र समुदायलाई स्वच्छ खानेपनी उपल्ब्ध गराउनु उनको मिशन रहेको छ। एचएचआरडीले यस्ता वाटर प्लान्टहरु महोत्तरीका अन्य स्कूल र मदर्शाहरुमा जडान गर्ने प्रतिबद्धता राइनले गरे ।

एचएचआरडीले दुवै मदर्शाका विद्यार्थीहरुका लागि हाइजिन किट समेत उपल्ब्ध गरायो ।

एचएचआरडीद्वारा लोहरपट्टीमा अनाथलाई सहयोगः

यही कार्तिक १ गते हेल्पीङ हेण्ड, एचएचआरडीले महोत्तरीको लोहरपट्टी नगरपालिकामा ... १०० जना अनाथ बालबालिकालाई खाद्यान्न सामग्री र नगद सहयोग गरेको छ । एचएचआरडीले बिगत केही वर्षदेखि महोत्तरीमा गरिब तथा अनाथ बालबालिकालाई पढ्न र खान अभाव नहोस त्यसको लागि वर्षको चार पटक आवश्यक खाद्यान्न सामग्री सहयोग गर्दै आएको छ ।

कार्तिक १ गते एचएचआरडी अमेरिकाको प्रमुख कार्यकारी अधिकारी सैयद खालिद मोसिम लोहरपट्टीको भ्रमरपुरामा १०० जना अनाथ बच्चालाई सहयोग गर्दै भने, "हरेक बालबालिकालाई अर्को छाकको चिन्ता नगरी हुर्कने, सिक्ने र सपना देख्ने अवसर पाउनुपर्ने अधिकार हुन्छ ।

एचएचआरडीको खाद्य सहयोगले बालबालिकाको आधारभूत खाद्य आवश्यकता पूरा गर्न उनीहरुको दैनिक जीवनमा सहजता ल्याउन र उनीहरुलाई आफ्नो शिक्षा तथा भविष्यका आकांक्षाहरुमा अझ बढी ध्यान केन्द्रित गर्न मदत पुर्याउनेछ ।

हेल्पीङ् हेण्ड र हेल्पीङ हार्ट नेपालसँग आबद्ध डा.अहमद रजा र शम्सुदिन राइनले महोत्तरीका बिभिन्न गाउँका अनाथ बच्चाहरुलाई उच्च शिक्षा आर्जनमा पनि सहयोग गर्दै आएका छन् ।

यस संस्थाका फिल्ड अफिसर राजकिशोर ठाकुरका अनुसार एचएचआरडी र हेल्पीङ हार्ट नेपालले गर्ने आर्थिक सहयोग बालबालिकाको अभिवावक्त्व लिएको व्यक्तिको खातामा जाने गर्छ भने उनीहरुले पाउने खाद्यन्न पनि सार्वजकि रुपमा बितरण गर्ने गरिन्छ ।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बच्छार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

मधेश सरकारलाई निरन्तरता ...

यसको पछिल्लो संकेत तीनवटै दलका मधेश प्रदेश संसदीय दलका नेताहरू एउटै मञ्चमा देखिनुले पनि दिएको छ। काठमाडौँको कीर्तिपुरमा नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत जनकपुर बोल्ट्स र लुम्बिनी लायन्सबीच भएको खेल अवलोकनका क्रममा तीन दलका प्रदेशस्तरीय शीर्ष नेताहरू एकै ठाउँमा उपस्थित भएका थिए।

खेल अवलोकनमा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री कृष्णप्रसाद यादव, नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोजकुमार यादव र नेपाली कम्युनिस्ट पार्टीका मधेश प्रदेश संसदीय दलका नेता एवं अर्थमन्त्री युवराज भट्टराई सहभागी थिए। जनकपुर बोल्ट्सको समर्थनमा एकै ठाउँमा बसेका तीन नेताको उपस्थितिलाई सामान्य खेल अवलोकनका रूपमा मात्र हेरि एको छैन। यसलाई मधेश प्रदेशमा तीन दलबीच राजनीतिक दूरी घट्दै गएको र वर्तमान सरकारलाई निरन्तरता दिने सहमति विकसित भएको संकेतका रूपमा हेरिएको छ। एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव नेतृत्वको सर कारको संवैधानिक र र ाजनीतिक भविष्यबारे प्रश्न उठेको थियो। संवैधानिक व्यवस्थाअनुसार सरकारलाई समर्थन गरेको दलले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था छ। तर, मुख्यमन्त्री यादवले अहिलेसम्म विश्वासको मत लिने प्रक्रिया अघि बढाएका छैनन्।

तीन दलबीच राजनीतिक सहमति जुट्ने अवस्था बनेपछि मुख्यमन्त्री यादवले प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गरेको बताइएको छ। स्रोतका अनुसार काठमाडौँ भ्रमणबाट फर्किएलगत्तै उनले विश्वासको मत लिने प्रक्रिया अघि बढाउने तयारी गरेका छन्। नयाँ राजनीतिक समझदारीसँगै एमालेको सरकारमा पुनः सहभागिताको बाटोसमेत खुल्ने देखिएको छ। एमालेले यसअघि सरकारमा सहभागी भएका नेताहरूको स्थानमा नयाँ अनुहारलाई मन्त्रीका रूपमा पठाउने तयारी गरेको चर्चा छ। यद्यपि, सरकारमा सहभागिता र मन्त्रालय बाँडफाँटबारे औपचारिक निर्णय सार्वजनिक हुन बाँकी छ।

एमालेले समर्थन फिर्ता लिएपछि सुरु भएको मधेश प्रदेशको राजनीतिक संकट केन्द्रका शीर्ष नेताहरूबीचको संवाद र नेकपा संयोजक प्रचण्डको सक्रियतापछि नयाँ मोडमा पुगेको छ। कांग्रेस नेतृत्वकै सरकारलाई निरन्तर ता दिने र तीन दलबीच पुनः सहकार्य गर्ने दिशामा राजनीतिक घटनाक्रम अघि बढेको देखिन्छ।

तीन दलका नेताहरू राजनीतिक रूपमा एउटै ठाउँमा उभिने संकेत देखाइरहँदा उनीहरूले समर्थन गरेको जनकपुर बोल्ट्स भने लुम्बिनी लायन्ससँगको खेलमा पराजित भएको थियो। क्रिकेट मैदानमा जनकपुरले हार बेहोरे पनि त्यही मैदानमा देखिएको तीन दलका नेताहरूको सामीप्यले मधेश प्रदेशको सत्ता राजनीतिमा नयाँ सम्भावनाको संकेत गरेको छ।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!

"सुर्रक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
वर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

औरही नगरपालिका, महोत्तरी

जनकपुरधाम-अयोध्याधाम रेल सेवा....

तथा सांस्कृतिक दृष्टिले नेपाल र भारतका महत्वपूर्ण गन्तव्य हुन् । जनकपुरधामलाई माता सीताको जन्मस्थल तथा अयोध्यालाई भगवान् श्रीरामको जन्मस्थलका रूपमा चिनिन्छ । यी दुई धार्मिक नगरीलाई रेल सेवामार्फत जोड्न सके धार्मिक पर्यटन तथा दुई देशबीचको जनस्तरको सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय व्यवसायी तथा सर्वसाधारणले पनि प्रस्तावित रेल सेवा सञ्चालनको तयारीलाई सकारात्मक रूपमा लिएका छन् । रेल सेवा सञ्चालन भएपछि धार्मिक पर्यटकको आवागमन बढ्नुका साथै होटल, रेस्टुरेन्ट, यातायात, खुद्रा पसल तथा अन्य सेवा व्यवसायको कारोबार विस्तार हुने उनीहरूको अपेक्षा छ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनका लागि लामो समयदेखि भइरहेको प्रयास अघि बढ्नु सकारात्मक भएको बताउनुभयो । उहाँले रेल सेवा सञ्चालन भएपछि जनकपुर धामका धार्मिक तथा पर्यटकीय स्थलमा पर्यटकको आवागमन बढ्ने र त्यसबाट स्थानीय व्यापार व्यवसायले लाभ लिन सक्ने विश्वास व्यक्त गर्नुभयो । धार्मिक पर्यटनसँगै व्यापारिक गतिविधि विस्तारका लागि सर कारले थप पहल गर्नुपर्ने अध्यक्ष भण्डारीको भनाइ छ । उहाँले तेस्रो मुलुकबाट आयात तथा निर्यात हुने सामग्रीको ढुवानी सहज बनाउन महोत्तरीको भिट्ठामोड वा धनुषाको जटही नाकामध्ये कुनै एकलाई व्यापारिक नाकाका रूपमा सञ्चालन गर्न सरकारसँग माग गर्नुभयो । अहिले व्यवसायीले टाढाका नाकाबाट सामान ल्याउनुपर्दा ढुवानी खर्च बढ्ने गरेको उल्लेख गर्दै उहाँले जनकपुरधाम क्षेत्रका लागि पायक पर्ने नाका सञ्चालनमा आए स्थानीय व्यवसायी तथा उपभोक्ता दुवै लाभान्वित हुने बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेशकुमार कर्णले जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनले नेपाल र भारत बीचको धार्मिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउन सहयोग पुग्ने बताउनुभयो । माता सीताको जन्मस्थल जनकपुरधाम र भगवान् श्रीरामको जन्मस्थल अयोध्याबीच रेल सेवा सञ्चालन हुनु धार्मिक तथा सांस्कृतिक दृष्टिले विशेष महत्वको विषय भएको उहाँको भनाइ छ ।

रेल सेवा सञ्चालन भएपछि अयोध्याबाट हजारौँ धार्मिक पर्यटक जनकपुरधाम आउने सम्भावना रहेको उल्लेख गर्दै उहाँले पर्यटकको आवागमन सहज बनाउन दुवै देशका नागरिक कलाई लक्षित गरी सीमा आवागमनसम्बन्धी नीति सहज बनाउन सरकारसँग आग्रह गर्नुभयो । दीर्घकालीन योजनासहित धार्मिक पर्यटकको आवागमन व्यवस्थित गर्न सके जनकपुरधामसहित मधेश प्रदेशको पर्यटन विकासमा महत्वपूर्ण योगदान पुग्ने उहाँले बताउनुभयो ।

प्रस्तावित रेल सेवाको उद्घाटन नेपालका प्रधानमन्त्री बालेन्द्र साह (बालेन) र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा गर्ने कार्यक्रम रहेको बताइएको छ । प्रस्तावित कार्यक्रमअनुसार भारतको राजधानी नयाँदिल्लीबाट रेल सेवाको उद्घाटन गर्ने तयारी गरिएको जनाइएको छ । यसका लागि दुवै देशका रेल्वे पदाधिकारी, कर्मचारी, सुरक्षा निकायका उच्च अधिकारी तथा प्रशासनिक प्रतिनिधिहरूले आवश्यक तयारी अघि बढाएका छन् । रेल सञ्चालनका लागि सुरक्षा व्यवस्थापन, प्राविधिक परीक्षण र प्रशासनिक समन्वयलाई प्राथमिकता दिइएको छ ।

भारतीय विदेश सचिवको नेपाल भ्रमणका क्रममा नेपालका परराष्ट्र सचिव तथा अन्य अधिकारीसँग भएको छलफलमा समेत प्रस्तावित रेल सेवाको विषय उठेको जनाइएको छ ।

यसैबीच विहिवार प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणलाई भारत सरकारले उच्च महत्व दिएको भनि नेपाल भ्रमणमा आउनुभएका भारतका विदेश सचिव विक्रम मिश्रीमार्फत प्रधानमन्त्री नरेन्द्र दामोदर मोदीले उहाँको भ्रमणको भइरहेको तयारी र भ्रमणका लागि अग्रिम शुभकामना सन्देश पठाउँदै भ्रमण अर्थपूर्ण बनाउन उच्च महत्वका साथ भारत सरकार ले तयारी गरिरहेको जानकारी गराउनुभएको हो ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा बिहीबार प्रधानमन्त्री शाहसँग विदेश सचिव मिश्रीले गर्नुभएको भेटवार्ताका क्रममा प्रधानमन्त्री मोदीको सन्देश प्रधानमन्त्री शाहलाई सुनाउनु भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

भारतको अयोध्यादेखि नेपालको जनकपुरसम्म रेलमार्ग सञ्चालनका लागि आवश्यक तयारी पूरा भएको जानकारी विदेश सचिव मिश्रीले प्रधानमन्त्री शाहलाई दिनुभयो । बिहीबार नै उक्त मार्गमा रेलको परीक्षण सञ्चालन भएको पनि प्रधानमन्त्री शाहलाई जानकारी दिनुभएको प्रधानमन्त्री कार्यालयले प्रस्ट पारेको छ । आसन्न भारत भ्रमणको तयारीका विषयमा प्रधानमन्त्री शाहले विदेश सचिव मिश्रीसँग थप बिफ्रिङ लिनुभएको थियो । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त रूपमा जनकपुरधामबाट अयोध्या सम्मको बस सेवा शुभारम्भ गर्नुभएको थियो । तर, उक्त बस सेवा लामो समय नियमित सञ्चालन हुन सकेन । त्यसैले प्रस्तावित रेल सेवा पनि उद्घाटनमा मात्र सीमित नभई नियमित र व्यवस्थित रूपमा सञ्चालन हुनुपर्नेमा स्थानीयवासीले जोड दिएका छन् ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

मैत्रीपूर्ण महिला क्रिकेटमा गौशाला विजयी, काजल बनिन् प्लेयर अफ द म्याच

दिवेश कुमार महतो
कार्तिक १९ गते, बर्दिवास



धनुषाको मिथिला नगरपालिका-२ नक्टाझिजमा आयोजित मैत्रीपूर्ण महिला क्रिकेट प्रतियोगितामा महोत्तरीको गौशाला महिला क्रिकेट टिम विजयी भएको छ ।

श्री जनता माध्यमिक विद्यालय नक्टाझिजको खेल मैदानमा बिहीबार सम्पन्न प्रतियोगितामा गौशाला टिमले धनुषाको मिथिला नगरपालिका महिला क्रिकेट टिमलाई पाँच विकेटले पराजित गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको मिथिला नगरपालिका महिला क्रिकेट टिमले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै ५४ रन बनाएको थियो । मिथिलाका लागि मोनिका रायले सर्वाधिक १६ रनको योगदान गर्नुभयो ।

जवाफी ब्याटिङमा उत्रिएको गौशाला महिला क्रिकेट टिमले पाँच विकेटको क्षतिमा ११ ओभर मै ५५ रनको लक्ष्य पूरा गर्दै जित हासिल गऱ्यो ।

गौशालाका लागि काजल महतोले उत्कृष्ट बलिङ प्रदर्शन गर्दै चार ओभरमा दुई मेडनसहित आठ रन खर्चेर चार विकेट लिनुभयो । उहाँ प्लेयर अफ द म्याच घोषित हुँदै नगद पुरस्कारसमेत प्राप्त गर्नुभयो । प्रतियोगितामा सर्वाधिक रन बनाउनुभएकी मिथिला नगर पालिकाकी मोनिका राय उत्कृष्ट ब्याट्सम्यान घोषित हुनुभयो ।

लियो क्लब अफ मिथिला आदर्शका अध्यक्ष धर्मेन्द्रकुमार महतोको अध्यक्षता तथा ढल्केवरका समाजसेवी राजलाल महतोको प्रमुख आतिथ्यतामा प्रतियोगिता सम्पन्न भएको हो । महिला क्रिकेटको विकास तथा प्रवर्द्धन, स्थानीय महिला खेलाडीको प्रतिभा पहिचान, खेलप्रतिको उत्साह र आत्मविश्वास अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ। प्रतियोगितामा सहभागी दुवै टोलीका खेलाडीलाई प्रमाणपत्र, सिल्ड र मेडल प्रदान गरिएको थियो ।

खेलाडीको हौसला बढाउन श्री जनता माध्यमिक विद्यालय नक्टाझिजका शिक्षक तथा शिक्षिकाले प्रत्येक चौका, छक्का, मेडन ओभर, ह्याट्रिक विकेट, अर्धशतक र शतकका लागि नगद पुरस्कारको व्यवस्था गरेका थिए । खेलाडीका लागि फ्रुटी तथा रेडबुलसमेत उपलब्ध गराइएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा आर्थिक सहयोगदाता समाजसेवी राजलाल महतोले महिला क्रिकेटको विकास र स्थानीय खेलाडीको प्रतिभा उजागर गर्न यस्ता प्रतियोगिता निरन्तर आयोजना गर्नुपर्ने बताउनुभयो । मिथिला नगर पालिकामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुग्न सक्ने प्रतिभावान् खेलाडी रहेकाले उनीहरूलाई खेल सामग्री, प्रशिक्षण र अवसर उपलब्ध गराउन स्थानीय सरकार तथा सरोकारवाला निकायले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । उहाँले खेलकुद क्षेत्रको विकासका लागि आगामी दिनमा पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

श्री जनता माध्यमिक विद्यालय नक्टाझिजका प्रधानाध्यापक श्यामकुमार यादवले महिला खेलाडीको उत्साहजनक सहभागिता र प्रतिस्पर्धाले स्थानीयस्तरमा महिला क्रिकेटको सम्भावना उजागर गरेको बताउनुभयो । खेलकुद क्षेत्रको विकासका लागि स्थानीय तह, सामाजिक अभियन्ता, शैक्षिक संस्था र युवा क्लबबीच सहकार्य आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

प्रतियोगितामा सहभागी खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्राप्त भएको भन्दै आयोजक, आर्थिक सहयोगदाता, प्रोत्साहन गर्ने शिक्षक-शिक्षिका तथा सहयोगीप्रति आभार व्यक्त गरेका थिए ।

कार्यक्रममा मिथिला नगर पालिका-२ का वडाध्यक्ष बिहारी महतो, जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक श्यामकुमार यादव, हाम्रो युवा क्लबका अध्यक्ष दीपेश कुमार सिंह, लियो क्लब अफ काठमाडौं क्यापिटलका अध्यक्ष अञ्जलीकुमारी कुशवाहा, गौशाला नगर युवा सञ्जालका अध्यक्ष भरत महतो कोइरी, गौशाला महिला क्रिकेट टिमका अध्यक्ष सञ्जितकुमार महतो, उपाध्यक्ष रामहरि महतो, प्रशिक्षक नवीनकुमार महतो, मिथिला नगरपालिका महिला क्रिकेट टिमकी प्रशिक्षक रोजी कडारीलगायत विभिन्न युवा क्लबका प्रतिनिधि, शिक्षक, विद्यार्थी तथा स्थानीय खेलप्रेमीको उपस्थिति थियो ।

कार्यक्रमका संयोजक दिवेश कुमार महतोका अनुसार प्रतियोगितामा विभिन्न सामाजिक तथा युवा संस्थाका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन हिमालय युवा क्लब नक्टाझिजका पूर्वअध्यक्ष अरुणकुमार महतोले गर्नुभएको थियो भने स्थानीय उमाशंकर महतो र सुवराज महराले अम्पायरको भूमिका निर्वाह गर्नुभएको थियो ।

नयाँ सख्खरको माग बढेपछि किसानलाई उखु पेल्ने चटारो



खबर दर्पण समाचारदाता
कार्तिक १९ गते, बर्दिवास

दीपावली र छठ पर्व नजिकिएसँगै महोत्तरीसहित मिथिला क्षेत्रका उखु किसानलाई सख्खर (मिठ्ठा) बनाउन भ्याइनभ्याइ भएको छ। चाडपर्वका बेला सख्खरको माग र मूल्य दुवै राम्रो हुने भएकाले किसान अन्य खेतीपातीका काम थाती राखेर उखु पेल्न र सख्खर पकाउन व्यस्त भएका छन् ।

मिथिलामा खेतीकिसानीका हिसाबले कात्तिक महिनालाई 'तेह्रौं मास' भन्ने चलन छ । आम्दानीका स्रोत कम र खर्च बढी हुने समय भएकाले पुर्खाहरूले कात्तिकलाई तेह्रौं मास भन्ने गरेको भङ्गाहा नगर पालिका-४ रामनगरका ६० वर्षीय किसान गङ्गाराम महतो बताउनुहुन्छ ।

"यस बेला धान भित्र्याइसकिएको हुँदैन । उखु, गहुँ र अन्य चैतेबाली लगाउने तयारी पनि गर्नुपर्छ। त्यसमाथि मुख्य चाडपर्व पनि यही समयमा पर्छन्," उहाँ भन्नुहुन्छ, "आम्दानीको स्रोत कम हुने भएकाले खेतीपातीको खर्च जुटाउन र चाडपर्व मनाउन केही नगदको जोहो गर्न उखु पेलेर सख्खर बनाउन थालेका हौं ।"

बर्दिबास नगरपालिका-७ प्रेमनगरका किसान रामअवतार महतो पनि अहिले उखु पेलेर सख्खर बनाउन व्यस्त हुनुहुन्छ । दीपावली र छठका बेला सख्खरको माग बढी हुने र उपभोक्ताले नयाँ उत्पादन रुचाउने भएकाले यस समयमा राम्रो मूल्य पाउने उहाँको भनाइ छ ।

"अहिले दीपावली र छठका कारण सख्खरको माग बढेको छ । उपभोक्ताले गत वर्षको भन्दा भर्खरै बनेको सख्खर बढी रुचाउँछन् । त्यसैले अरू काम थाती राखेर सख्खर बनाउन लागेका छौं," उहाँ भन्नुहुन्छ । उहाँका अनुसार राम्रो रङ र दानादार बनेको सख्खर किसानको घरमै आएर उपभोक्ताले प्रतिकिलो १४० रुपैयाँसम्ममा खरिद गर्ने गरेका छन् ।

महोत्तरीको भङ्गाहा, बर्दिवास र गौशाला नगरपालिका क्षेत्रका विभिन्न बस्तीमा सघन उखुखेती हुँदै आएको छ । जिल्लामा रहेका चिनी उद्योग मङ्सिरको अन्त्यतिर मात्रै सञ्चालन हुने भएकाले त्यसअघि नै किसानले उखु पेलेर सख्खर बनाउने गरेका छन् । विशेषगरी कात्तिकमा खेतीपाती र घरायसी खर्चको जोहो गर्न किसानका लागि सख्खर बिक्री आम्दानीको

बाँकी पृष्ठ २ मा



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,